Akron Children's Hospital

**स्कुलः स्वास्थ्य सेवाहरू**

प्रिय आमाबाबु/अभिभावक

तपाईंको बच्चालाई निम्नलिखित लक्षण(हरू) का लागि आज स्कूलबाट निष्कासित गरिएको छ:
(गोलो घेरा)

- १०० डिग्री फरेनहाइट बराबर वा सोभन्दा बढीको ज्वरो
- खोकी
- सास फेर्न कठिनाई
- थकान
- श्वासप्रश्वासको न्यूनता
- टाउको दुख्नु
- घाँटी दुखेको
- नाक बन्द भएको/नाकबाट पानी बग्ने
- चिसो लागेको वा शरीर काम्ने
- मांसपेसी दुखाई
- स्वाद वा गन्धको नयाँ क्षति
- वाकवाकी वा उल्टी वा पखाला

यी मध्येका कुनै पनि लक्षण एक मात्र देखा परे वा बढी देखिए त्यसले विद्यार्थीलाई कोभिड-१९ सङ्क्रमणको ठूलो जोखिममा राख्छ र तुरुन्त मेडिकल पार्थक्य (आइसोलेसन) र स्कूलबाट विद्यार्थीको विस्थापन आवश्यक हुन्छ। **यसको अर्थ तपाईँको बच्चालाई कोभिड-१९ भएको छ भन्ने होइन।** वास्तवमा, यी लक्षणहरू कानको सङ्क्रमण, सामान्य रूघा वा गला खराब जस्ता कारणहरूले देखिएका हुन सक्ने धैरै सम्भावना छ। अगाडिको मार्गदर्शनका लागि कृपया आफ्नो स्वास्थ्य स्याहार प्रदायकसँग सम्पर्क गर्नुहोस्। यदि तपाईँको बच्चाको कुनै स्वास्थ्य स्याहार प्रदायक छैन भने, तपाईँको स्कूल नर्स/क्लिनिकले रेफरल गरेर तपाईँलाई सहयोग गर्न सक्छन्।

**स्कूल फिर्ता:**
**कोभिड-१९ का जस्ता लक्षणहरू देखिएका विद्यार्थीहरूलाई स्कूल फिर्ता हुनका लागि स्वास्थ्य स्याहार प्रदायकको स्कूल फिर्न सुरक्षित नोट आवश्यक पर्नेछ।**

- कोभिड-१९ को जस्तै सङ्केत र लक्षणहरू देखा पर्ने दीर्घकालीन स्वास्थ्य समस्या (जस्तै एलर्जी) भएका विद्यार्थीहरूलाई स्कूल फिर्ता हुनका लागि स्वास्थ्य स्याहार प्रदायकको क्लियरेन्स आवश्यक हुनेछ।
- कोभिड-१९ का लागि लक्षणहरूका लागि स्कूलबाट निष्कासित र आफ्नो स्वास्थ्यस्याहार प्रदायकबाट स्कूल फिर्ती सुरक्षित नोट प्रदान नगर्ने विद्यार्थीलाई स्कूलमा पुनः प्रवेश गर्नुपूर्व निम्नलिखित हुनु पर्नेछ। विद्यार्थीलाई कम्तीमा १ दिन (२४ घण्टा) का लागि ज्वरो घटाउने औषधि प्रयोग नगरीकन ज्वरो नआएको हुनु पर्नेछ (जस्तै आइबुप्रोफेन वा टाइलेनल); र लक्षणहरूमा सुधार (जस्तै खोकी, श्वासप्रश्वासको न्यूनता); र लक्षणहरू पहिले देखिएको दिनदेखि कम्तीमा १० दिन बितेको छ जबसम्म तपाईँको स्वास्थ्यस्याहार प्रदायकले विद्यार्थीलाई स्कूल फिर्न सुरक्षित भनी क्लियरेन्स दिँदैनन्।

धन्यवाद,

______________________________
स्कुलः स्वास्थ्य सेवाहरू

__________________
मिति